Bhairahawa Campus Journal, 8(1), 2025: 59-70 ISSN: 2795-1979
DOI: https://doi.org/10.3126/bhairahawacj.v8i1.80033

***Research Article***

# सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षामा भौतिक र शैक्षिक मापदण्डको अवस्था र अभ्यास

**बाबुराम भण्डारी**
Bhairahawa Multiple Campus, Rupandehi, Nepal

**ARTICLE INFO**
Received: 21/11/2024
Accepted: 08/06/2025

**CORRESPONDENCE**
Baburam Bhandari
Bhairahawa Multiple Campus, Rupandehi, Nepal
**E-mail**: baburambhandari263@gmail.com
ORCID: https://orcid.org/0009-0001-8141-4891

**COPYRIGHT**
©Research Management Cell, Bhairahawa Multiple Campus, Rupandehi, Nepal

**लेखसार**

*यस लेखले सामुदायिक विद्यालयका बालविकास केन्द्रको बालविकास पाठ्यक्रमले तोकेको भौतिक र शैक्षिक नीतिगत प्रावधान र कार्यान्वयनमा रहेका अभ्यासलाई लेखाजोखा गर्ने उद्देश्य राखेको छ । अन्तर्वार्ता र फोकस समूह प्रयोग गरेर बालविकास केन्द्रका बालकक्षाका शिक्षकहरू, प्रधानाध्यापकहरू र अभिभावकहरूबाट सूचना प्राप्त गरिएको छ । छलफलमा बालविकास पाठ्यक्रमले तोकेको भौतिक र शैक्षिक नीतिगत प्रावधान र विद्यमान कार्यान्वयन स्थिति पत्ता लगाउन कागजात विश्लेषण समेत गरिएको छ । अधिकांश बालविकास केन्द्रमा बालविकास पाठ्यक्रमको निर्धारित मापदण्ड मध्ये औसत ७५ प्रतिशत केन्द्रहरूमा भौतिक पूर्वाधार मापदण्ड तोकिए अनुसार रहेको छ । शैक्षिक पूर्वाधारहरूको निर्धारित मापदण्डमा मुख्यगरी दैनिक कार्यतालिका प्रयोग, पाठ्यक्रमको उपलब्धता, बसाइ व्यवस्था, खाजा व्यवस्थापन पक्ष सत प्रतिशत केन्द्रहरूमा मापदण्डले तोकिए अनुसार रहेको छ । सुरक्षित खेलमैदानको उपलब्धता, पर्याप्त बाहिरी खेलसामग्रीको उपलब्धता र शिक्षणसहयोगी पुस्तिकाको उपलब्धता भने अधिकांश केन्द्रहरूमा न्यून छ । भर्नादर मापदण्डले तोकिए भन्दा बढी छ । बालविकास केन्द्रहरूको शैक्षिक उपलब्धि औसत ६८ प्रतिशत देखिन्छ । बालविकास केन्द्रमा शिक्षक/सहयोगिकार्यकर्ताको न्युनतम शैक्षिक योग्यता तोकिए भन्दा बढी छ यद्यपि शिक्षक र प्रधानाध्यापकहरू बालविकास पाठ्यक्रमको मापदण्डले गरेको दिशानिर्देशप्रति राम्ररी जानकार र परिचित छैनन्। । सहयोगिकार्यकर्ताहरूमा लामोअवधि तालिमको पहुँच न्यून रहेकाले बालविकास पाठ्यक्रमले तोकेको शैक्षिक पूर्वाधार मापदण्डको अभ्यासमा विशेष गरी उपयुक्त शिक्षण विधिको प्रयोग, सामग्री निर्माण र नयाँ प्रविधिको प्रयोग र अभ्यासमा कमजोरी रहेको छ ।*

**शब्दकुञ्जी**: *प्रारम्भिक बालहेरचाह; बालशिक्षा केन्द्र; भौतिक पूर्वाधारहरू; शैक्षिक पूर्वाधार*

## १. विषयपरिचय

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमहरूका नाम फरक फरक छन् । श्रेष्ठ र अन्य (सन् २००८) को अध्ययन अनुसार पहिलो प्रारम्भिक बालहेरचाह कार्यक्रमहरू जसमा दिवा हेरचाह केन्द्रहरू पर्दछन् भने दोस्रो बाल हेरचाह केन्द्रहरू तथा प्रारम्भिक बालशिक्षा कार्यक्रमहरू जसमा बालउद्यान कक्षा, नर्सरी, पूर्वविद्यालय र पूर्व प्राथमिक विद्यालयहरू पर्दछन् । बालबालिकाहरूको प्रारम्भिक बाल्यावस्थामा दिइने शिक्षाले प्रारम्भिक बालशिक्षालाई जनाउँछ भने अभिभावकहरूको अनुपस्थिति अवधिभर बालबालिकाहरूको हेरचाह र उनीहरूलाई दिइने शिक्षालाई प्रारम्भिक बालहेरचाह र शिक्षा भनिन्छ । प्रारम्भिक बालविकासले बालबालिकाहरूको समग्र विकासलाई जनाउँदछ । हाल प्रारम्भिक बालविकास शब्दको प्रयोग बढी गरिन्छ ।

प्रारम्भिक बालशिक्षाको इतिहास हेर्दा मन्टेसरी शिक्षा प्रणाली सन् १९५० को दशकमा नेपालमा प्रवेश गरेको र सोहि बेला काठमाडौं जिल्लामा पहिलो पटक स्थापना गरिएको मन्टेसरी विद्यालयलाई नै नेपालको पहिलो प्रारम्भिक बालशिक्षा दिने विद्यालयको रूपमा लिइन्छ । सन् १९५० को दशकमा शुरु भएको मन्टेसरी शिक्षाको विस्तारमा तिव्रता सन् १९९० को दशकदेखि रहेको देखिन्छ । त्यसैगरि सन् १९६२ मा नेपाल बालसङ्गठनको स्थापना भयो । यसले प्रारम्भिक बालशिक्षा सेवाहरूलाई सङ्गठितरूपमा विस्तार गर्न नेतृत्वदायी भूमिका प्रदान गर्‍यो । देशका प्रत्येक जिल्ला सदरमुकामहरूमा एउटा एउटा बालहेरचाह केन्द्र Nepal children's orginations [NCO] स्थापना भए । भण्डारी (सन् २०१८) को अध्ययन अनुसार सन् १९८० को मध्यमा स्थानीय विकास मन्त्रालयले ग्रामिण विकास परियोजनाहरू जस्तैः ग्रामिण महिलाहरूका लागि उत्पादनसिल ऋण परियोजना र साना किसान विकास परियोजनाहरूले मूलतः आमाहरूलाई आय आर्जनका क्रियाकलापहरूमा सहभागी गराउदै बालहेरचाह केन्द्रहरूको स्थापनामा जोड दिएर ग्रामीण क्षेत्रमा रहेका बालबालिकाहरूका लागि प्रारम्भिक बालहेरचाह तथा शिक्षा सेवाहरू उपलब्ध गराउन सहयोग गरेको देखिन्छ । यसका साथै सयुक्तराष्ट्र सङ्घीय निकायहरू युनिसेफ र युनेस्को, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि सन् १९८० को दशकको अन्त्यतिर र १९९० को दशकको शुरुमा प्रारम्भिक बालविकास कार्यक्रमहरूको कार्यान्वयनमा आफ्ना सहयोगहरू विस्तार गरेको पाइन्छ । जसमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका रूपमा सेभ द चिल्ड्रेन अमेरिका र नर्वे तथा प्लान नेपालको भूमिका अग्रणी देखिन्छ । यिनै कार्यक्रमहरूलाई नेपाल सरकारले निरन्तरता दिँदै आएको छ ।

नेपाल सरकारले पनि सन् १९९७ देखि २०१५ सम्म सबै राष्ट्रिय कार्ययोजना, दशौँ पञ्चवर्षीय योजना सन् २००२ देखि सन् २००७, विद्यालय क्षेत्र सुधार योजना सन् २००९ देखि सन् २०१५ जस्ता नीतिहरू कार्यान्वयनमा ल्याएको छ । शिक्षा मन्त्रालय मातहतमा नेपाल सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । यिनै नीतिहरूको कार्यान्वयनमा सरकारले अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाहरूको सहयोग प्राप्त गरेको छ । नेपालमा बालशिक्षा नेपाल सरकार र निजी स्वामित्वका शिक्षण संस्थाहरूबाट प्रदान गरेको पाइन्छ । एजुकेसन इन्टरनेसनल २०१० का अनुसार नेपालमा सरकारद्वारा सञ्चालित दुई प्रकारका Early Childhood Education and Development [ECED] छन् । पहिलो विद्यालयमा आधारित पूर्वप्राथमिक कक्षाहरूः ४ र ५ वर्षका बालबालिकाहरूको लागि । दोस्रो समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूः ३ देखि ४ वर्षका बालबालिकाको लागि । ग्रामीण सहरी क्षेत्रमा विद्यमान सुविधाहरूको असमानताका कारण अवसरहरू र भरपर्दा विद्यालयको उपलब्धता सहरी क्षेत्रमा बढी छ । जसका कारण सहरी क्षेत्र केन्द्रित बसाईसराई तीव्र रुपमा बढेको छ । बसाइँसराईले बालबालिकाको बालविकास कक्षाको उपस्थितिमा हुने अनुपात र बालबालिकाहरूको उपलब्धिमा प्रभाव पारेको छ । प्रारम्भिक

बालविकासको पहुँचमा सहरी र ग्रामीण क्षेत्रमा समानता छैन (भण्डारी,सन् २०१८) यद्यपि नेपालको संविधान २०७२ ले गुणस्तरीय पूर्वप्राथमिक, प्रारम्भिक बालशिक्षा र विकास [ECED] पहुँच पहिलो र प्रमुख मौलिक अधिकार हो भनि उल्लेख गरेको छ साथै नेपालले दिगो विकास लक्ष्य (Sustainable Development Goals[SDG]) ४.२ मा राष्ट्रहरूलाई सन् २०३० सम्ममा सबै बालबालिकाहरूको गुणस्तरीय प्रारम्भिक बालशिक्षा र विकासमा पहुँच सुनिश्चित गर्ने गरि आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ। त्यसै गरि School Education Sector Plan [SESP] ले पनि गुणस्तरीय पूर्वप्राथमिक प्रारम्भिक बालशिक्षा र विकासमा सबै चारवर्षका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरका साथै बालबालिकाहरूको शारीरिक, सामाजिक, भावनात्मक, संज्ञानात्मक विकास र विद्यालय तयारी सुनिश्चित गर्ने लक्ष्य राखेको छ। फ्ल्यास रिपोर्ट 2022-23 ले देशभर कुल ४०६५६ ECED / Parent teacher community partnership [PPC] हरुका केन्द्र र कक्षाहरू रहेको उल्लेख गरेको छ,। ती मध्ये ३३,७६२ वटा केन्द्र र कक्षाहरू विद्यालय र सामुदायिक केन्द्रको रुपमा स्थापित छन्। यो ८३.० प्रतिशत हुन आउछ जुन अघिल्लो वर्षको तुलनामा लगभग ११ प्रतिशतले बढेको देखिएको छ। स्थानीय सरकारहरूद्वारा आर्थिक सहयोग पाउने गरि सञ्चालित विद्यालय र समुदायमा आधारित ECED/ PPC हरूको संख्या ३,३८८ (८.४ प्रतिशत) रहेको छ । निजी लगानीमा चलेका केन्द्रहरू र कक्षाहरूको संख्या ६,८९४ (कुल ECED/PPCs को १७.० प्रतिशत) छ। त्यसै गरि धार्मिक विद्यालयहरूमा चलेका ECED/PPCs संख्या ५३८ (१.३ प्रतिशत) रहेको छ। यी तथ्यहरूले नेपालमा सरकारी लगानीमा भन्दा निजी लगानीमा चलेका केन्द्रहरू र कक्षाहरूको संख्या बढी देखिएकोले सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षामा भौतिक र शैक्षिक मापदण्डको अवस्थाको अध्ययन हुनु जरुरी देखिएको छ।

## २. अध्ययन विधि र प्रक्रिया

यो गुणात्मक अनुसन्धानले रूपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका भित्रका सामुदायिक विद्यालयका (पूर्वप्राथमिक कक्षाहरू: ४ र ५ वर्षका बालबालिका रहेका) बालविकास केन्द्र [बा.वि.के.] लाई केन्द्रित गरेको छ। गतिविधि सिद्धान्त (Engestrom, 1999) लाई दृष्टिकोणको रूपमा अवलम्बन गरिएको छ। अध्ययनको लागि अन्वेषण अनुसन्धान डिजाइन (डेन्जिन र लिंकन, 2005) प्रयोग गरिएको छ। रूपन्देहीको सिद्धार्थनगर नगरपालिका १७ वटा सामुदायिक विद्यालयका बालविकास केन्द्रहरू मध्ये उद्येश्यमूलक नमुना अर्न्तगत सुविधामूलक नमुना (convenient sampling) विधिवाट ८ वटा बालविकास केन्द्रमा अध्ययन गरिएको छ। साधनहरूमा अन्तर्वार्ता, फोकस समूह छलफल, र खुला प्रश्नावली प्रयोग भएका छन्। छनोटमा परेका बालविकास केन्द्रहरूका बालकक्षामा शिक्षण गर्ने शिक्षक/सहयोगि कार्यकता [स.का.] ८ जना तथा प्रधानाध्यापक [प्र.अ.] ८ जना र अभिभावक ४ जनालाई मुख्य सुचनादाताको रुपमा समावेश गरिएको छ। सूचनाहरू सङ्कलनमा मुख्य रुपमा खुला प्रश्नावली प्रयोग र आवश्यकता अनुसार अन्तर्वार्ता र केन्द्रिकृत (focus) समूहगत छलफल जस्ता माध्यम प्रयोग भएका छन्। यी कार्यमा लेखक स्वयम् र एम.एड. तहको शोधार्थी विद्यार्थीहरू अन्य दुईजना सहयोगि मार्फत खुल्ला प्रश्नावली, रुजुसूची र फारमको प्रयोग गरी सूचनाहरू सङ्कलन गरिएको छ। बालविकास केन्द्र प्र.अ., अभिभावक र शिक्षकहरूसँग केन्द्रित सामूहिक छलफलले बालविकास पाठ्यक्रमले तोकेको भौतिक र शैक्षिक नीतिगत प्रावधान र कार्यान्वयनमा रहेका अभ्यासलाई लेखाजोखा गर्न मद्दत गऱ्यो। तथ्याङ्कहरू सङ्कलन गरेपछि गुणात्मक रूपमा ट्रान्सक्राइब र विश्लेषण गरिएको छ (Creswell,2012)। त्यसै गरी, सूचित सहमतिलाई नैतिक विचार (फ्लिक, २०१२) को रूपमा प्रयोग गरिएको थियो। अध्ययनको मुख्य उद्देश्य सामुदायिक विद्यालयका बालविकास केन्द्रको बालविकास पाठ्यक्रमले तोकेको भौतिक र शैक्षिक नीतिगत प्रावधान र कार्यान्वयनमा रहेका

अभ्यासलाई लेखाजोखा गर्नु थियो । यसका लागि भौतिक पूर्वाधारहरूसँग सम्बन्धित ३ वटा र शैक्षिक पूर्वाधारहरूसँग सम्बन्धित ६ वटा खुल्ला प्रश्नावली प्रयोग भएका छन् । यो अध्ययन सिद्धार्थनगर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका बालविकास केन्द्रको पाठ्यक्रम कार्यान्वयनतर्फ भौतिक र शैक्षिक पक्षको नीतिगत प्रावधान र अभ्यासमा मात्रै आधारित रहेकाले यस अध्ययनमा अन्य कुनै पनि क्षेत्र समावेश गरिएको छैन ।

## ३. विमर्श तथा परिणाम

सामुदायिक विद्यालयका बालविकास केन्द्रहरूको बालविकास पाठ्यक्रमको भौतिक र शैक्षिक नीतिगत प्रावधान र कार्यान्वयनमा रहेका अभ्यासलाई लेखाजोखा गर्न भौतिक पूर्वाधारहरूका मापदण्ड र शैक्षिक पूर्वाधारहरूका मापदण्डको अवस्था र अभ्यासलाई यस अध्ययनमा समावेश गरिएको छ ।

**बालविकास केन्द्रको भौतिक पूर्वाधारहरू र मापदण्ड अवस्था :**

बालविकास केन्द्रको भौतिक पूर्वाधार अन्तर्गत कक्षाकोठा र त्यहाँको वातावरण अवस्था, वसाई अवस्था, सिकाइ क्षेत्र अवस्था, बाल शिक्षकले गर्नुपर्ने आवश्यक व्यवस्था जस्ता पक्षको लागि पाठयक्रममा निश्चित मापदण्ड निर्धारण गरिएको छ । यसको सुचना संकलनका लागि आठ वटा बालविकास केन्द्रका सरोकारवालाहरूको प्रतिक्रिया तालिका १ मा प्रस्तुत छ ।

**तालिका १:** *भौतिक पूर्वाधारहरूको अवस्था मापदण्ड अनुसारको रहेको छ वा छैन ?*

| **क.भवन तथा कक्षाकोठाको अवस्था मापदण्ड अनुसारको रहेको छ वा छैन ?** | छ प्रतिक्रिया संख्या/प्रतिशत | छैन प्रतिक्रिया संख्या/ प्रतिशत |
|---|---|---|
| १०-१५ मिनेटको दुरीमा | ६ /७५ | ४/२५ |
| मापदण्ड अनुसार कक्षा कोठा तयार गरिएका | ७/८७.५ | २/ १२.५ |
| स्वतन्त्र रुपले बस्न, खेल्न, सुत्न पुग्ने कक्षा कोठाको क्षेत्रफल | ७/८७.५ | २/ १२.५ |
| **<u>ख.कक्षा कोठाको वातावरण तथा बसाइ व्यवस्थापन</u>** | | |
| सिकाइ क्षेत्र छुट्याउन ऱ्याकको व्यवस्था | ६/७५ | ४/ २५ |
| शैक्षिक सामग्रीहरू पहुँचका लागि ऱ्याकको व्यवस्था | ७/८७.५ | २/ १२.५ |
| बसाइ व्यवस्थापन (कार्पेट, कुसन तथा पि. फर्म गुन्दी, चकटी र अन्य व्यवस्थापन | ८/१०० | ... |

स्थलगत सर्वेक्षण-२०७९/०८०

प्रतिक्रियाहरूको विश्लेषणमा स.का. तथा प्र.अ.सँगको अर्न्तवार्तामा पहुँचको आधारमा ७५ प्रतिशत बालविकास केन्द्र १०-१५ मिनेटको दूरी भित्र र २५ प्रतिशत केन्द्र सो भन्दा बढी दुरीमा रहेको पाइयो । करीव ८८ प्रतिशत केन्द्रमा मापदण्ड अनुसारका कक्षाकोठा तयारगरिएको छ भने केहि केन्द्रमा छुट्टैभवन तथा कक्षाकोठा नभएकोले बालविकास केन्द्रका बालबालिकाहरू र एककक्षाका बालबालिकाहरू समेतलाई एउटै हलमा राखी कक्षासञ्चालन भएको छ । यसको प्रमुख कारणमा विद्यालयको आफ्नो जग्गा र आर्थिक अवस्था सबल नभएको प्रतिक्रिया छ । राउत (२०७०) ले संखुवासभा जिल्ला चैनपुर स्रोतकेन्द्रका ६ वटा बालविकास केन्द्रहरूमा गरेको शोध अध्ययनले पनि बालविकास केन्द्रको छुट्टा छुट्टै भवन नभएको र बालविकास केन्द्रहरूका कक्षा

विद्यालयकै भवनमा सञ्चालित रहेको साथै ती कक्षाकोठाको आकार, झ्याल, ढोका, पल्ला, फर्निचर र प्रकाशको अवस्था समेत ज्यादै कमजोर देखिएको छ। यस अध्ययनले करिब ९० प्रतिशत केन्द्रमा कक्षाकोठाको क्षेत्रफल कक्षामा उपस्थित बालबालिकालाई स्वतन्त्र रुपले बस्न, खेल्न, र सुत्न पुग्ने ठाउँ रहेको भए पनि माथिका तथ्यले बालविकास केन्द्रहरूको भौतिक पक्षमा सुधारको खाँचो रहेको पुष्टि गर्दछ।

कक्षाकोठाको वातावरण तथा बसाइ व्यवस्थापन सम्बन्धी प्रतिक्रियाहरूलाई विश्लेषण गर्दा ७५ प्रतिशत केन्द्रमा सिकाइ क्षेत्र छुट्याउनका लागि र्‍याकको व्यवस्थापन गरिएको, २५ प्रतिशत केन्द्रमा र्‍याकको अभाव रहेको पाइयो। त्यसैगरी ८७.५ प्रतिशत केन्द्रमा कक्षामा उपलब्ध शैक्षिक सामग्रीहरू बालबालिकाको पहुँचमा र्‍याकमा व्यवस्थित राखिएको तथा १२.५ प्रतिशत केन्द्रमा र्‍याकको अभावका कारण शैक्षिक सामग्रीहरू तोडफोड गर्ने, चलाउने र ठूला कक्षाका विद्यार्थीहरू आएर चलाइ दिने हुँदा बालबालिकाहरूको पहुँचमा नराखी बाकसमा राखिएको प्रतिक्रिया प्र.अ. र स.का.बाट पाइयो। बसाइ व्यवस्थापन सम्बन्धमा सरोकारवालाहरूको प्रतिक्रिया सकारात्मक नै रहेको पाइयो। सबै केन्द्रहरूमा कार्पेट, कुसन तथा पि.फर्म सहित बसाई व्यवस्थापन गरिएको छ। सिकाई क्षेत्र छुट्याइएका केन्द्रहरूमा बालबालिकाहरूको पहुँचमा शैक्षिक सामग्री रहेको पाइयो भने २५ प्रतिशत केन्द्रमा अझै पनि सिकाइ क्षेत्र छुट्याउनको लागि र्‍याकको व्यवस्थापन नभएको पाइयो। सिग्देल (२०६९)को प्रारम्भिक वालविकास शिक्षाको भौतिक एवं शैक्षिक अवस्था केन्द्रित शोध अध्ययनले पनि प्रारम्भिक वालविकास तहको कक्षाकोठाको वातावरण नेपाल सरकारको शिक्षा विभागले तोकेको न्युनतम मापदण्ड अनुरुप नै भएको पुष्टि गरेको छ। यस तथ्यले नेपालका सामुदायिक विद्यालयका बालविकास केन्द्रहरूको कक्षा कोठाको वातावरण तथा बसाइ व्यवस्थापन सन्तोषजनक रहेको तर क्रमिक सुधारको खाँचो देखिन्छ।

**धारा, खानेपानी तथा शौचालयको व्यवस्था :**

बा.वि.के.मा बालबालिकाहरूको पहुँचमा स्वच्छ र सफा पिउने पानीको (धारा) व्यवस्थापनको साथै बालमैत्री शौचालयको व्यवस्था हुनुपर्छ। शौचालय पनि बालबालिकाको पहुँच सुहाउँदो हुनुपर्दछ। मापदण्ड अनुसारको धारा, खानेपानी तथा शौचालय अवस्था सम्बन्धी सरोकारवालाहरूको प्रतिक्रिया तालिका २ मा प्रस्तुत छ।

**तालिका २ :** *धारा, खानेपानी तथा शौचालयको व्यवस्था मापदण्ड अनुसारको रहेको छ वा छैन ?*

| धारा, खानेपानी खाजा तथा शौचालयको व्यवस्था मापदण्ड अनुसारको रहेको छ वा छैन ? | छ प्रतिक्रिया संख्या/प्रतिशत | प्रतिक्रिया संख्या/प्रतिशत |
|---|---|---|
| सफा खानेपानीको व्यवस्थापन | ५/६२.५ | ६/३७.५ |
| सुरक्षित बालमैत्री धाराको व्यवस्थापन | ५/६२.५ | ६/३७.५ |
| बालमैत्री शौचालय व्यवस्थापन | ६/७५ | ४/२५ |
| सिकाइ क्षेत्रको व्यवस्थापन | ६/७५ | ४/२५ |
| सिकाई क्षेत्र अनुसार पर्याप्त खेल सामाग्री | ५/६२.५ | ६/३७.५ |
| खाजा व्यवस्थापन | ८/१०० | ० |

स्थलगत सर्वेक्षण-२०७९/०८०

धारा, खानेपानी तथा शौचालयको अवस्था, खाजा व्यवस्था र सोको मापदण्ड सम्बन्धमा प्राप्त प्रतिक्रियाहरूलाई विश्लेषण गर्दा ६२.५ प्रतिशत केन्द्रमा मात्रै सफा खानेपानी तथा सुरक्षित बालमैत्री धाराको व्यवस्था गरिएको पाइयो भने अरु ३७.५ प्रतिशत केन्द्रमा सफा, सुरक्षित, खानेपानी तथा बालमैत्री धाराको समस्या भएकोले विद्यार्थीहरू घरबाटै सफा पानी बोकेर विद्यालय जाने गरेको प्र.अ. तथा स.का.को प्रतिक्रिया छ । छनौटमा परेका ७५ प्रतिशत केन्द्रमा शौचालय बालमैत्री रहेको छ भने अन्य २५ प्रतिशत केन्द्रमा शौचालय पुरानो र जिर्ण अवस्थामा रहेको छ । जसको कारण अध्ययनरत विद्यार्थीहरूलाई त्यसको प्रयोगमा कठिनाई भोग्नु परेको प्रतिकिया प्र.अ.बाट प्राप्त भयो । समग्र प्रतिक्रियाहरूलाई विश्लेक्षण गर्दा धारा, खानेपानी तथा शौचालयको अवस्था मध्यम खालको रहेको देखिन्छ । प्रारम्भिक बालविकास देखि कक्षा पाँच सम्म खाजा नास्ताको व्यवस्था मिलाउन नेपाल सरकारले नै व्यवस्था गरेकोले विद्यार्थीहरू दैनिक रुपमै फरकफरक (जाउलो, खिचडी, हलुवा, गेडागुडी) खाजा पाउने गरेको प्रतिक्रिया रहेकोले बालबिकास केन्द्रमा खाजाको अवस्था सन्तोषजनक रहेको देखिन्छ । तामाङ (२०८०) ले मोरङ जिल्लामा गरेको अध्ययनले पनि दिवाखाजा कार्यक्रम लागु भएका विद्यालय ग्रामीण परिवेशमा रहेको हुनाले गरिबीको कारण विद्यालय आउन नसकेका विद्यार्थीहरु पनि आउन थालेको, भोकले कक्षामै निदाउने, सिकाइप्रति अनुपस्थित हुने दरमा सुधार भएको, कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति घटेको हुनाले सिकाइमा सकरात्मक प्रभाव रहेको निचोड छ । बालविकास केन्द्रहरूमा पनि दिवा खाजा कार्यक्रमलाई जोड्न सकेमा सिकाइमा सकरात्मक परिवर्तन ल्याउन सकिने देखिन्छ ।

**बालविकास केन्द्रको शैक्षिक पूर्वाधारहरू र मापदण्डको अवस्था :**

मापदण्ड अनुसारको शैक्षिक पूर्वाधारहरूको अवस्था सम्बन्धी बालविकास केन्द्रका १६ जना सरोकारवालाहरूको शैक्षिक सामग्री, सिकाइ क्षेत्र, शिक्षण विधि तथा क्रियाकलाप प्रयोग, बालबालिका भर्ना तथा शैक्षिक उपलब्धि, मानवीय स्रोत योग्यता, व्यवहार र तालिम सम्वन्धी प्राप्त प्रतिक्रिया तालिका ३ मा प्रस्तुत छ ।

**शैक्षिक सामग्रीको अवस्था मापदण्ड अनुसारको रहेको छ वा छैन** ?:

**तालिका.३ :** *शैक्षिक सामग्रीको मापदण्डको अवस्था*

| शैक्षिक सामग्रीको अवस्था मापदण्ड अनुसारको रहेको छ वा छैन ?: | छ प्रतिक्रिया संख्या/प्रतिशत | छैन प्रतिक्रिया संख्या/प्रतिशत |
|---|---|---|
| दैनिक कार्यतालिका प्रयोग गरी शिक्षण | १६/१०० | - |
| पाठ्यक्रमको उपलब्धता | १६/१०० | - |
| मेरो क्रियाकलाप किताबको उपलब्धता | २/१२.५ | १४/८७.५ |
| शिक्षणसहयोगी पुस्तिकाको उपलब्धता | २/१२.५ | १४/८७.५ |
| सुरक्षित खेलमैदानको उपलब्धता | १४/८७.५ | २/१२.५ |
| पर्याप्त बाहिरी खेलसामग्री उपलब्धता | २/१२.५ | १४/८७.५ |

स्थलगत सर्वेक्षण-२०७९/०८०

मापदण्ड अनुसारको शैक्षिक पूर्वाधारहरूको अवस्था सम्बन्धी प्रतिक्रिया र अवलोकन टिपोटको विश्लेषण गर्दा मेरो क्रियाकलाप किताब र शिक्षणसहयोगी पुस्तिकाको उपलब्धता र बाहिरी खेल सामग्रीको उपलब्धता न्यून रहेको र सो बाहेक अन्य निर्धारित पक्ष मापदण्ड अनुसार पर्याप्त रहेको देखिन्छ। कतिपय मापदण्ड न्यून हुनुको प्रमुख कारणमा विद्यालयले उपलब्ध नगराएको भन्ने प्रतिक्रिया स.का.बाट आएको थियो। सो सम्बन्धी सरोकारवाला प्र.अ.को *"बजारमा पाइने समाग्रीको प्रयोग गरी हामीले आफ्नै किसिमले बालबालिकाहरूलाई सक्रिय बनाई आवश्यकता अनुसार स्थानीय भाषाको समेत प्रयोग गरी सिकाई क्रियाकलाप गर्दै आएका छौं, तर सहयोगी पुस्तिकाको बारेमा थाहा नभएकोले अब हामी चाँडै नै त्यसको पनि व्यवस्थापन गर्नेछौं"* भन्ने प्रतिक्रियाले पनि पाठ्यक्रम अनुसार दैनिक कार्यतालिका बनाई शिक्षण गर्ने गरेको तर तोकिएको पाठ्यपुस्तक र शिक्षण सहयोगी पुस्तिकाको उपलब्धता र प्रयोग भने न्यून रहेको पुष्टि गर्दछ।

बालविकास केन्द्रमा स्थानीय सामग्रीको निर्माण र प्रयोगमा अवस्थामा एकजना सरोकारवालाको प्रतिक्रियामा *"पहिले-पहिले* NGO *ले सहयोग र तालिम दिँदा तालिमकै समयमा सामग्री निर्माण र सहयोग दुवै पाइन्थ्यो। जसले गर्दा बालबालिकाको सङ्ख्या अनुसार सामग्रीहरू पुग्ने थिए। हाल ती सामग्री बालबालिकाले प्रगोग गर्दै जाँदा टुटफुट हुँदै गए र अहिले* INGO *को कार्यक्रम पनि सकियो कतैबाट अन्य सहयोग छैन आर्थिक अभाव छ नयाँ सामग्री जुटाउन कठिन छ "*।

भन्ने यो प्रतिक्रियाले केन्द्रमा स्थानीय खेलसामग्री, खरिद गरेको सामग्री तथा अन्य सामग्रीको अवस्था राम्रै रहे तापनि स्थानिय सामाग्री कम मात्रामा निर्माण हुने पुष्टि गर्दछ।

स्थलगत सर्बेक्षणको सूचना विश्लेषण गर्दा स्थानीय स्तरमा बनाइएका शैक्षिक सामग्रीको अवस्था सन्तोषजनक पाईएन। कक्षाकोठामा प्रयोग शैक्षिक सामग्रीहरूमा सबै केन्द्रहरूमा सेतोपाटीको ब्यवस्था छ ती झण्डै २५ प्रतिशत केन्द्रमा बालबालिकाको उचाइ अनुसार नभएको र सबै केन्द्रमा कक्षा कोठाको चारैतिर बालबालिकाले लेख्न मिल्ने उचाइमा सेतोपाटीको व्यवस्था नभएको देखिन्छ। सेतोपाटीको सट्टामा स्ट्याण्डबोर्ड प्रयोग हुने गरेको, छुट्टै कक्षाकोठा नहुँदा संस्थाको बैठक कक्षमा समेत कक्षा सञ्चालन गर्नुपर्ने बाध्यात्मक अवस्था कतिपय केन्द्रहरूमा रहेको देखिन्छ। राउत (२०७०) को अध्ययनमा पनि बालविकास केन्द्रहरूमा शैक्षिक सामग्रीहरूको उपलब्धता समान रूपमा नरहेको र सबै केन्द्रहरूमा अधिकांस सिकाई सहयोगी सामग्रीहरू सहयोगी कार्यकर्ताले सङ्कलन, निर्माण, लेखेर तयार गर्ने र कालो/श्वेत पाटीमा चित्र तयार गर्ने प्रक्रिया अपनाएर बालबालिकाहरूमा शैक्षिक ज्ञान तथा धारणा दिने गरेको देखाएको छ। यी तथ्यहरूले पनि बालबिकास केन्दहरूमा मापडण्ड अनुरुपका छुट्टै कक्षाकोठा र पुर्वनिर्मित सिकाई सामग्रीहरूको अभाव रहेको देखिन्छ।

**सिकाइ क्षेत्रको अवस्था मापदण्ड अनुसारको रहेको छ वा छैन ?**

कक्षाकोठाको व्यवस्थापनको सन्दर्भमा बालविकास कक्षामा अनिवार्य रुपले ६ वटा सिकाइ क्षेत्र (भाषा सिकाइ क्षेत्र, गणित सिकाइ क्षेत्र, अभिनय, सृजनात्मक, स्वालम्बन, विज्ञान सिकाइ क्षेत्र) छुट्याउनु पर्ने मापदण्ड छ (बा.वि.रा.मा.२०६५)। कक्षा भित्र बालवालिकाहरू आफै खेलौनाहरू सँगै खेल्दै सिक्ने वातावरण मिलाउन ६ वटा सिकाइ कुना छुट्याउन ऱ्याकको व्यवस्था गरी सिकाइ क्षेत्र अनुसार सामग्रीहरू मिलाएर बालबालिकाको पँहुचमा राखिनु पर्छ। स्थलगत सर्वेक्षणको सुचना विश्लेषण गर्दा ७५ प्रतिशत केन्दमा सिकाई क्षेत्र छुट्याएइको पाइयो भने २५ प्रतिशत केन्द्रमा सिकाइ क्षेत्र नछुट्याएको पाइयो। नछुट्याउनुको कारण सोध्दा एक जना सकाको भनाइमा-

*“पहिला छुट्याएको तर ठूला कक्षाका विद्यार्थी आएर बालविकासका सामानहरू चलाइ दिने गरेको हुनाले सबै नोक्सान भएको र अब चाँडै सिकाई क्षेत्र छुट्याएर सिकाई प्रकियालाई अर्थपुर्ण बनाउने ”,*

प्रतिक्रिया छ । यस्तै अर्को एक जना स.का.ले *“आफु केही दिन पहिले मात्रै विद्यालयमा नियुक्त भएर आएको र कक्षा कोठा पनि छुट्टै नभएकोले पहिला बनाइएका सामानहरू हराएको हुनाले व्यवस्थित गर्न नसकेको”* प्रतिक्रिया दियो । जम्मा ६२.५ प्रतिशत केन्द्रमा सिकाइ क्षेत्र अनुसार पर्याप्त खेल सामाग्री रहेको छ भन्ने प्रतिक्रिया सकाबाट आएको थियो भने ३७.५ प्रतिशत केन्द्रमा पर्याप्त खेल तथा शैक्षिक सामग्री नभएको अवलोकनका क्रममा भेटियो । साथै सिकाइ क्षेत्रअनुसार पर्याप्त खेल तथा सामग्री नहुनुको कारण सोध्दा एक जना स.का.बाट यस्तो प्रतिक्रिया आएको थियो ।

> *पहिले पहिले* I/NGO *को सहयोग पाउँदा पर्याप्त सामाग्री थियो । हाल* I/NGO *को कार्यक्रम सकिएकाले बालबालिकाले प्रयोगमा ल्याउदै जाँदा सामग्रीहरू थोरै हुँदै गएको र अभिभावक भेला हुँदा मिलेर निर्माण गर्ने गरेकोमा हाल अभिभावकहरू पनि भेला नहुने हुँदा आफूले मात्र निर्माण गर्न समय नहुने र बालबालिकालाई हेरचाह गर्नुपर्ने हुँदा समय अभावका कारण निर्माण गर्न नसकिएको हो ।*

यसरी समग्रमा विश्लेषण गर्दा २५ प्रतिशत केन्द्रहरूमा सिकाइ क्षेत्र नछुट्याइको र ३७.५ प्रतिशतमा प्रयाप्त खेलसामग्री नरहेको पाइयो । यस तथ्यबाट सिकाइ क्षेत्रको व्यवस्थापनका लागि समन्वय र सहकार्यको पक्षमा सुधारको खाँचो देखिन्छ ।

**शिक्षण विधि तथा क्रियाकलाप प्रयोगको अवस्था मापदण्ड अनुसारको रहेको छ वा छैन ?**

बाल विकास कक्षामा सानासाना बालबालिकालाई खेल्न, घुम्न, कथा सुन्न, गीत, कविता सुन्न, गाउन, कुराकानीमा सहभागी हुने र नृत्य गर्ने जस्ता क्रियाकलाप मार्फत उनीहरू लाई स.का.ले क्रियाशिल गराउनु पर्छ । शिक्षण विधि प्रयोगमा स.का.को प्रतिक्रिया विश्लेषण गर्दा बालविकास कक्षामा विशेष गरी स-साना बालबालिकाहरू हुने भएकाले विद्यार्थी केन्द्रित विधि अन्तरर्गतको नृत्य, प्रदर्शन, प्रश्नोत्तर खेल विधि, व्याख्यान विधि र मन्टेसरी विधिको प्रयोग ज्यादै न्यून रुपमा छ । विद्यार्थीलाई उत्प्रेरित गर्ने शिक्षण विधिहरूको कक्षाकोठामा प्रयोगको अवस्था कमजोर रहेको देखिन्छ ।

**बालबालिका भर्ना तथा शैक्षिक उपलब्धि मापदण्ड अनुसारको रहेको छ वा छैन ?**

यस अध्ययनमा छनौटमा परेका केन्द्रको बालबालिकाको भर्ना तथा शैक्षिक उपलब्धितर्फ तीन वर्षको तथ्याङ्कलाई विश्लेषण गरिएको छ ।

**तालिका.४ :***छनौटमा परेका केन्द्रको बालबालिकाको जम्मा भर्ना तथा शैक्षिक उपलब्धि अवस्था*

| शैक्षिक वर्ष | भर्ना संख्या | कक्षा छोड्ने संख्या | कक्षा दोह्याउने संख्या | कक्षा १ मा भर्ना/प्रतिशत |
|---|---|---|---|---|
| २०७७ | १७७ | ११ | ६ | १६०(९०%) |
| २०७८ | २०३ | ३ | ७१ | १२९ (६३ % ) |
| २०७९ | २२४ | ४० | ६८ | ११६ (५१ % ) |

(स्थलगत सर्वेक्षण, २०७९/०८०)

अध्ययनमा छनौटमा परेका केन्द्रको बालबालिकाहरूको भर्ना तथा शैक्षिक उपलब्धितर्फ तीन वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दा धेरै जसो केन्द्रहरूमा मापदण्ड (२०-२५) भन्दा वढी बालबालिकाहरू भर्ना रहेको पाइयो । वालविकास कक्षा पछि कक्षा १ मा भर्ना हुने बालबालिकाहरूको संख्यालाई हेर्दा औषत ६८ प्रतिशत शैक्षिक उपलब्धि देखिन्छ । बिगतमा आयस्रोत धेरै हुने अभिभावकहरू आफ्नो नानी बाबुहरूलाई मन्टेसरी तथा संस्थागत विद्यालयमा भर्ना गर्ने गरेको भएपनि बिस्तारै सोचाईमा परिवर्तन छ । आयस्रोत राम्रो भएका र मजदुरी गरि खाने अभिभावकहरू दुबैका बालबालिकाको भर्ना सामुदायिक विद्यालयमा रहेको र बा.वि.के.को भर्नामा समेत क्रमिक सुधार देखिन्छ जुन सकारात्मक परिवर्तन हो ।

बालविकास कक्षामा विद्यार्थीहरू बीचैमा कक्षाछोड्ने कारण खोज्दा अभिभावकहरू सुरुमा बालविकास केन्द्रमा आफ्ना बालबालिकाहरूलाई पढाउने र केही दिन पछि संस्थागत तथा मन्टेसरी विद्यालयमा पठाउने गरेको देखिन्छ । बस लगायतका यातायातका सुबिधा नभएका सामुदायिक विद्यालयहरूमा कक्षाछोड्ने संख्या बढी देखिएको छ । अभिभावकहरूले सानो उमेरका नानी बाबुहरूलाई केन्द्रमा नपुऱ्याएको कारण कक्षा दोह्याउने संख्या बढेको प्रतिक्रिया सरोकारवालाको पाइयो । यसका लागि स्थानिय निकायहरूले बालविकास केन्दहरूलाई बस, इ रिक्सा लगायतका यातायातका साधन खरिदका लागि आर्थिक सहयोग गर्नुपर्ने वा दातृ निकायहरुसँग सहयोगका लागि अनुरोध गर्नुपर्ने देखिन्छ ।

**बालविकास केन्द्रमा मानवीय स्रोत योग्यता, व्यवहार र तालिम मापदण्ड अनुसारको रहेको छ वा छैन ?**

बालविकास कक्षामा बालमैत्री तवरले कक्षा सञ्चालन गर्न महिला शिक्षिका नै हुनुपर्ने र कम्तीमा १० कक्षा उत्तीर्ण गरेको हुनुपर्ने मापदण्डमा उल्लेख छ (रा. वा. वि. मा.२०६५) । स.का.को शैक्षिक योग्यता विश्लेषण गर्दा ७५ % स.का.ले न्युनतम शैक्षिक योग्यता (एस.एल.सी. पास) प्राप्त गरेको, २५ प्रतिशत स.का.को माथिल्लो शैक्षिक योग्यता रहेको पाइयो । यसरी हेर्दा सहयोगी कार्यकर्ताहरू शैक्षिक मापदण्डमा अनुरुप रहेको पाइयो । सहयोगी कार्यकर्ताका व्यवहारहरू सम्बन्धी मापदण्डमा कक्षा अवलोकनका सुचना विश्लेषण गर्दा ७५ प्रतिशत स.का.को उत्तम व्यवहार रहेको पाइयो भने २५ प्रतिशत स.का.को व्यवहार मध्यम रहेको पाइयो । समग्रमा धेरै जसो स.का. हरूको व्यवहार उत्तम रहेको छ । तालिम सम्बन्धी मापदण्डको आधारमा अवस्था विश्लेषण गर्दा ३७.५ प्रतिशत स.का.ले मात्र अभिभावक शिक्षा तालिम, पोषण सम्बन्धी तालिम र प्राथमिक उपचार तालिम गरेको पाइयो । राउत (२०७०) को अध्ययनले पनि धेरै जसो स.का.हरू लामो समयको पूर्णकालिन तालिमको अवसरबाट बञ्चित रहेको पुष्टि गरेको छ । यी तथ्यको विश्लेषण गर्दा धेरै जसो स.का.हरू तालिम प्राप्त नै रहेको पाइए पनि अभिभावक शिक्षा तालिम, शैक्षिक सामग्री निर्माण सम्वन्धी तालिम, पोषण, र प्राथमिक उपचार सम्बन्धी तालिम थोरैले मात्रै लिएकाले र धेरै जसो स.का.हरूलाई लामोअवधिको तालिमको अवसर प्रदान गर्नुपर्ने देखिन्छ ।

**बालबालिकामा देखा परेका सिकाइ व्यवहार के कस्ता रहेको छन् ?**

छनोटमा परेका केन्द्रका बालबालिका सफा भएर आउने, सफा भएर घरमा वस्ने, हात खुट्टाका नङ काटने, आफै शौचालय जाने, साबुन पानीले हातधुने, जुत्ता चप्पल निरन्तर लगाउने, आफ्नो तथा अन्य घरायसी सामग्री मिलाएर राख्ने, घर बढार्ने, जुत्ताको तुना बाध्ने, कपडा आफै लगाउन र फुकाउन सक्ने, खाना खानु अघि हातधुने र आफै खाना खाने जस्ता बानीहरूको बालबालिका बालविकास केन्द्रमा जान थाले पश्चात बालबालिकामा बिकास भएको प्रतिक्रिया अभिभावकहरूबाट आएको थियो । छनोटमा परेका केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरूमा शिष्टाचार सम्बन्धी व्यवहारहरू जस्तैः-सम्बोधन गर्ने, सबैलाई नमस्कार गर्ने, छुट्टिने बेलामा वाईवाई भन्ने, मिलेर समूहमा खेल्ने, सानालाई माया र ठूलालाई आदर गर्ने बानीको विकास भएको पाइयो भने

सिकाइ सम्बन्धी विकासहरूमा स-साना आकारमा चित्र बनाउने, समय, रङ, धेरै थोरै, सानो ठूलो छुट्याउने, सामान्य अंक (१-१०), सामान्य (A, B, C, D) भन्ने तथा लेख्ने, सुन्ने, हेर्ने, ब्लकहरू मिलाउने, गीत गाउने, जनावरका नाम, फलफूलका नाम, चराका नाम आदि भन्ने जस्ता बानीको विकास भएको प्रतिक्रिया स.का.बाट पाइयो । प्र.अ.हरूको प्रतिक्रियामा बालबिकास कक्षामा पढाई अनुभव लिएका बालबालिकाहरू पढाई अनुभव नलिएका भन्दा सक्रिय सहभागी, मिलनसार, नडराउने, बोल्न नहिच्किचाउने,उनिहरूलाई शिक्षण गर्न सहज हुने र सिकाइ उपलब्धि पनि राम्रो हुने जस्ता प्रतिक्रिया पाइयो । यसरी हेर्दा बालविकास कक्षा लिएका बिद्यार्थीहरू नलिएका भन्दा सबल र सक्रिय रहेको पाइयो । यसवाट बालबालिकाहरूले घरमा र बालविकास केन्द्रमा देखाउने सिकाई व्यवहारहरू सन्तोषजनक नै रहेको देखिन्छ ।

## ४. निष्कर्ष

बालबालिकाहरूको प्रारम्भिक बाल्यावस्थामा दिइने शिक्षा नै प्रारम्भिक बालशिक्षा वा प्रारम्भिक बालविकास शिक्षा हो । यो शिक्षाले बालबालिकाहरूको समग्र विकासलाई जनाउँदछ । नेपालको सर्न्दभमा सन् १९५० मा काठमाडौंमा मन्टेसरी विद्यालय स्थापना देखि शैक्षिक ऐन नियमका साथै संबैधानिक रुपमा नेपालको संविधान २०७२ ले गुणस्तरीय प्रारम्भिक बालशिक्षा र विकास (ECED) को पहुँचलाई पहिलो र प्रमुख मौलिक अधिकारको रुपमा लिनुले यो शिक्षाको महत्वलाई पुष्ठि गर्दछ ।

यस अध्ययनले देखाएको छ कि प्रारम्भिक बालबालिका शिक्षा तथा विकास (ECED) कार्यक्रमले बालबालिकाको सामाजिक, भावनात्मक, संज्ञानात्मक तथा भाषा लगायत समग्र विकासमा सकारात्मक भूमिका खेलेको देखिन्छ । बालबालिकाको सामाजिक व्यवहार, भाषा सीप, विद्यालय तत्परता तथा आत्मविश्वासमा उल्लेखनीय सुधार देखिएको छ । केही विद्यालयहरूमा बालमैत्री कक्षा व्यवस्थापन, सक्रिय अभिभावक सहभागिता, स्थानीय पाठ्यक्रमको प्रयोग र अनुभवी शिक्षकहरूको सक्रियताले कार्यक्रम सफल बन्दै गएको छ । पहुँचको हिसावले बालबिकास केन्द्रको दूरी र कक्षाकोठा मापदण्ड अनुसारको छ । बालवालिकालाई स्वतन्त्र रुपले बस्न, खेल्न, सुत्न पुग्ने कक्षाकोठाको क्षेत्रफल रहेको छ । सिकाइ क्षेत्र छुट्याउनका लागि ऱ्याकको व्यवस्थापन गरिएको छ । त्यसैगरी कक्षामा उपलब्ध शैक्षिक सामग्रीहरूलाई बालबालिकाहरूको पहुँच पुग्ने ऱ्याकमा व्यवस्थित राखिएको छ । सबै केन्द्रहरूमा कार्पेट, कुसन तथा पिफर्म सहित बसाई व्यवस्थापन गरिएको छ । विशेष गरी सामुदायिक विद्यालयमा सञ्चालन भइरहेका ECED कक्षामा भौतिक पूर्वाधार (जस्तै सुरक्षित भवन, पर्याप्त कक्षा कोठा, शौचालय, खानेपानी, खेल सामग्री) मध्यम खालको छ । सामाजिक पक्षमा शिक्षकको नियमितता, प्रशिक्षणको पहुँच, समुदायको सरोकार, शिक्षण सामग्रीको उपयुक्त प्रयोगमा कमजोरी देखिन्छ ।

बालविकास केन्द्रमा शैक्षिक पूर्वाधारहरूमा पाठ्यक्रम अनुसार दैनिक कार्यतालिका प्रयोग, शिक्षण सहयोगी पुस्तिकाको उपलब्धता र बाहिरी खेल सामग्रीको उपलब्धता न्यून रहेको र अधिकांम्स केन्द्रमा मापदण्ड अनुसार सिकाइ क्षेत्र छुट्याएइको छ । सो बाहेक अन्य निर्धारित पक्ष मापदण्ड अनुसार पर्याप्त रहेका छन् । स्थानीय सामग्रीको निर्माण तालिममा गैह्र सरकारी निकायहरूको सहयोग छ तर केन्द्रहरूले आर्थिक अभावका कारण नयाँ सामग्री जुटाउन सकेको छैन । बालबालिकाहरूको सिकाईमा विद्यार्थी केन्द्रित विधि अन्तरर्गतको नृत्य, प्रदर्शन, प्रश्नोत्तर खेल विधि र मन्टेश्वरी जस्ता विधिको प्रयोगको अवस्था मध्यम रहेकोले क्रियाकलाप र खेल केन्द्रित विधि प्रयोगमा जोड दिनुपर्ने देखिन्छ ।

सिकाइ क्षेत्रको अवस्थामा अधिकाम्स केन्द्रमा मापदण्ड अनुसार सिकाइ क्षेत्र छुट्याएइको र सिकाइ क्षेत्र अनुसार पर्याप्त खेल सामाग्री रहेको छ । बालविकास केन्द्रमा अधिकांस स.का.हरूको न्युनतम शैक्षिक योग्यता (एस.एल.सी. पास) प्राप्त गरेका र

माथिल्लो शैक्षिक योग्यता रहनु साथै स.का.हरूको व्यवहार समेत मिलनसार रहनुले बालबालिकाहरूको समग्र सिकाइ वातावरण, औसत शैक्षिक उपलब्धिमा समेत सकारात्मक र राम्रो प्रभाव पारेको छ। यद्यपि, सबै क्षेत्रमा समानस्तरीय उपलब्धि भने देखिएको छैन । सामुदायिक विद्यालयमा सञ्चालन भइरहेका बालविकास केन्द्रका कतिपय स्थानमा भौतिक र शैक्षिक पूर्वाधारहरू निर्माण भए पनि यसको उपयोग र व्यवस्थापनमा कमजोरी देखिन्छ।

अधिकांस सहयोगीकार्यकर्ताहरू अभिभावक शिक्षा तालिम, पोषण र प्राथमिक उपचार तालिमको अवसरवाट वन्चित छन् । उपलब्धि मूल्याङ्कनको अभ्यासमा बालबालिकाहरूको कक्षामा कक्षाकार्य, गृहकार्य, दैनिक क्रियाकलापको अभिलेखीकरण छैन । केवल उनीहरूले गरेका सामान्य सिकाई क्रियाकलापको अवलोकन र मौखिक रुपमै मूल्याङ्कन गरि कक्षा १ मा भर्ना गर्ने गरेकोले उपलब्धि मूल्याङ्कन प्रक्रियामा सुधारको खाँचो छ। बालविकास केन्द्रहरूको सरोकारवाला निकायहरूबाट समय समयमा अवलोकन अनुगमन, सल्लाह, सुझावको व्यवस्था र स.का.को सेवा सुविधा समयसापेक्ष वृद्धि गर्ने , बा.वि.के.को छुट्टैकोष निर्माण र केन्द्रहरूमा अभिभावकहरूको सक्रिय सहभागीता बडाउन सकेमा बालविकास केन्द्रहरूको प्रभावकारिता वृद्धिहुन सक्ने स्पष्ट आधार रहेको छ । त्यसैले प्रारम्भिक बालविकास कक्षा कार्यक्रमको प्रभावकारीता सुनिश्चित गर्न बहुपक्षीय समन्वय, स्रोत परिचालन, र स्थानीय आवश्यकतालाई सम्बोधन गर्नुपर्ने देखिन्छ। यो अध्ययन रुपन्देहीको एउटा स्थानिय निकायको सामुदायिक विद्यालयका सिमित बालविकास केन्द्रहरूमा मात्रै अध्ययन गरिएकोले सबै पक्ष समेटेको छैन् । यस अध्ययनको निष्कर्षका आधारमा ग्रामीण र शहरी सामुदायिक विद्यालयहरूमा ECED कक्षाको भौतिक पूर्वाधारको तुलनात्मक अध्ययन , भौतिक पूर्वाधार सुदृढीकरण र बालमैत्री सिकाइ वातावरणबीचको सम्बन्धको अध्ययन र बालबालिकाको विद्यालय तत्परतामा सामाजिक-सांस्कृतिक परिवेश र भाषिक पृष्ठभूमिको प्रभाव जस्ता पक्षमा आगामी अध्ययन अनुसन्धान गर्न सकिन्छ।

## ५. सन्दर्भसामग्री

तामाङ, रेवती.(२०८०).*विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तर र यसले पारेको प्रभाव,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], जनता बहुमुखी क्याम्पस, स्वास्थ्य शिक्षा विभाग। https://elibrary.tucl.edu.np/JQ99OgQIizUxyjI9nB0on9OyLkqsGIf4/api/core/bitstreams/64f98743-f101-4b9b-b90f-85b3a2ec8bb6/content

नेपाल सरकार शिक्षा विभाग.(प्रथम संशोधन, २०७५).*प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम्मापदण्ड मार्गदर्शक पुस्तिका २०६७*, शिक्षा विभाग सानोठिमी, भक्तपुर।

राउत, हरिराम. (२०७०). *विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान,* अप्रकाशित स्नातकोत्तर शोधपत्रे, सुकुना बहुमुखी क्याम्पस पाठयक्रम तथा मूल्याङकन विभाग, पृ ३१-४५ https://elibrary.tucl.edu.np/items/666877dd-ad0e-426e-9152-a6c9c4da99d7

सिग्देल, खगेन्द्.(२०६९).*प्रारम्भिक बालविकास शिक्षाको भौतिक एवं शैक्षिक अवस्था,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र],त्रि.वि.शिक्षाशास्त्र केन्द्रीय विभाग। https://elibrary.tucl.edu.np/items/776b9d9e-5079-451b-a48b-7cf1a2828683

Brinkmann, S. (2013). Research design: Qualitative, quantitative and mixed method approaches (3rd Ed.). New Delhi: Sage Publication.

Bhandari, R. (2018). Early childhood education and development in Nepal: Access, quality and professionalism. Prima Educatione, 1, 129.

Creswell, J.W. (2012). Research design: Qualitative, quantitative and mixed method approaches (3rd ed.). New Delhi: Sage Publication.

Denzin, N.K. & Lincoln, Y.S. (2005). The sage handbook of qualitative research (3rd ed.). Thousand Oaks, CA: Sage Publication.

Engestrom, Y. (1999). Innovative learning in work teams: Analyzing cycles of knowledge creation in practice. In Engestrom, Y. et al (Eds.), Perspectives on Activity theory (pp. 377-406). Cambridge, Cambridge University Press.

Flash I report- 2079 (2022/23) Government of Nepal Ministry of Education, Science and Technology Centre for Education and Human Resource Development Sanothimi, Bhaktapur

Flick, U. (2012). An introduction to qualitative research (4th ed.). New Delhi: Sage Publication.

Ravens, J. (2009). *A study to support the further, Development of Nepal's National Policy for Early Childhood Education,* Thesis, Kathmandu: DOE/UNICEF Nepal, Page No. 59.

Shrestha K., Bajracharya H.R., Aryal P.N., Thapa R., Bajracharya U. (2008), Early Childhood Policy Review in Nepal. Tribhuvan University Research Centre for Educational Innovation and Development (CERID) Balkhu, Kathmandu, Nepal.